आज मिति २०८० साल फागुन २८ गते सोमबारको दिन दिउँसो ३:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

उपस्थिती :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | संजिव ओली | अध्यक्ष | 9851004295 | |
| 2 | देविका थामी | उपाध्यक्ष | 9844395653 | |
| 3 | मेम वहादुर तमाङ | वडा अध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडा अध्यक्ष - २ | 9844306572 | |
| 5 | ढाल बहादुर तमाङ | वडा अध्यक्ष - ३ | 9864004147 | |
| 6 | राम चन्द्र खड्का | वडा अध्यक्ष - ४ | 9863637498 | |
| 7 | काले शेर्पा | वडा अध्यक्ष - ५ | 9844238430 | |
| 8 | टहल बहादुर थामी | वडा अध्यक्ष - ६ | 9854045940 | |
| 9 | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष - ७ | 9849170321 | |
| 10 | हिरा थामी | वडा अध्यक्ष - ८ | 9866419510 | |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | |
| 12 | ज्योती माया थामी | कार्यपालिका सदस्य | 9844555899 | |
| 13 | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | 9860410065 | |
| 16 | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | |
| 17 | जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | | |
| 18 | लक्ष्मीप्रसाद रिजाल | प्रशासन शाखा | | |

## मिति २०८०।११।२८ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु :

प्रस्तावहरु :

१.  रोजगार सेवा केन्द्रको प्रस्ताव पारित सम्बन्धमा ।

२. देउतासिह हार्चे खोला सम्बन्धमा ।

३. रकमान्तर तथा शीर्षक परिवर्तन सम्बन्धमा ।

४. वडा न ०५ को चक्रेश्वरी सामुदायिक केन्द्र तथा वडा न ०६ को जग्गा व्यवस्थापन सम्बन्धमा ।

५. विगु गाउँपालिका सार्वजनिक निजी साझेदारी विधेयक २०८० सम्बन्धमा ।

६. घ वर्गको इजाजत दिने सम्बन्धमा ।

७. जे सी अडिट तथा ONM सर्भे सम्बन्धमा ।

८.  रुप्स्याङ जलविद्युत आयोजना नवीकरण सम्बन्धमा ।

९. समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

१०. विषयगत समितिको बैठक सम्बन्धमा ।

११. महिला उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम कार्यान्ययन सम्बन्धमा ।

१२. युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

१३. इस्लामी सङ्घ नेपाललाइ कार्यक्रम सञ्चालन अनुमति सम्बन्धमा ।

१४. सिँचाइ व्यवस्थापन सम्बन्धमा ।

१५. वडा न ०८ को मैरे झोलेङ्गेपुल तथा विद्यालय छात्रावास माग गर्ने सम्वन्धमा ।

१६. कार्यक्रमको छुट भुक्तानी सम्बन्धमा ।

१७. झोरुङ, सल्लेनी, सेखेप लिङ्वा सडक स्तरोन्नति उपभोक्ता समिति सम्बन्धमा ।

१८. श्री हिमालय मावि, विगु ०८ को जग्गा सम्बन्धमा ।

१९. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२०. सर्भे कायदिश दिने सम्वन्धमा ।

विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु

१. प्रस्ताव न ०१ (रोजगार सेवा केन्द्रको प्रस्ताव) प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी ( विगु रोजगार कार्यक्रम ) उपर छलफल गर्दा यस विगु गाउँपालिकाको वडा नं.४ लादुकमा रहेको भोर्ले झरना पर्यटकिय गन्तव्य बन्दै गइरहेको, मानिसहरुको आवतजावत व्यापक बढिरहेको र सो स्थानको दक्षिणपट्टिको भुभाग जोखिमयुक्त रहेकोले, उक्त स्थानमा तत्काल रेलिङ लगाई जोखिम न्यूनिकरण गर्ने निर्णय गरियो। साथै सो कार्यको लागि विगु गाउँपालिकाबाट आ.ब. २०८०/०८१ मा पारित प्रधानमन्त्री रोजगार कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

साथै सो उपर छलफल गर्दा विगु गाउँपालिकाबाट आ.ब. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट निर्माण सामाग्रीहरुलाई भुक्तानी गर्ने गरी तपसिलका योजनाहरु साझेदारीमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाहरुको नाम | साझेदारी गर्नुका कारण | कैफियत |
|---|---|---|---|
| १. | झ्यावा-पुरानो ट्याङ्की - लाइबेरी डाँडा-ताइलाङ सिमदेवी थान गोरेटो बाटो मर्मत | दिगो संरचना निर्माणका लागि, रु. २२८०००।०० | वडा नं.:-४ लादुक |
| २. | भुमेथान सिरुपाते गोरेटो बाटो | हालसम्म साझेदारी योजना संचालनमा नगरेकोले, ३०४०००।०० | वडा नं.:-३ बुलुङ |

साथै साही प्रस्ताव उपर छलफल गर्दा विगु गाउँपालिकाबाट आ.ब. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट तपसिलका थप योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाहरुको नाम | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|
| १. | फलेघर सिढिबाटो निर्माण | ४०००००।०० | वडा नं.:-२, ओराङ |
| २. | भतारे कुलो भल नियन्त्रण | ७०००००।०० | वडा नं. ०८, खोपा |
| ३. | चिसापानी मन्दिर जाने बाटो | २०००००।०० | वडा नं. ०४, लादुक |
| | | | |

नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

२. प्रस्ताव न ०२ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०२ मा रहेको देउतासिह हार्चे खोलामा पुल निर्माणका लागि विनियोजित बजेटबाट उपभोक्ता समिति गठन गरी आवश्यक कार्य अगाडि बढाउने, सो का लागि गाउँपालिकाको मेसीन प्रयोग गर्ने तथा सो निर्माणका लागि नपुग रकम अनुमान गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव न ०३ उपर छलफल गर्दा यस विगु गाउँपालिकाको आ व २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा तथा शाखागत बजेटको रकमान्तर गर्नुपर्ने तथा शीर्षक परिवर्तन गर्नुपर्ने बजेट शीर्षकको लागि वडा कार्यालय तथा गाउँपालिकाको शाखाबाट गाउँसभा अगावै गाउँपालिकामा प्रस्ताव पेश गर्ने भनी निर्णय गरियो ।

४. प्रस्ताव न ०४ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०५ स्थित लोटिङ चक्रेश्वरी सामुदायिक स्वास्थ्य केन्द्रको नेपाल हेल्पको नाममा रहेको किता न ६१५, ६३१,६३३,६३२ को जग्गा र हाल त्यहाँ सञ्चालनमा रहेको अन्य चल अचल सम्पति गाउँपालिकामा हस्तान्तरण गर्न इच्छुक रहेकोले र सोही बेहोराको पत्र यस गाउँपालिकामा प्राप्त भएकोले सोही बमोजिम निर्णय गरी जग्गा लालपुर्जा सरकारी कामकाजको लागि लिने निर्णय गरियो ।साथै वडा न ०६ मा रहेको सन्ची थामीको नाममा रहेको ३६२० क्षेत्रफल भएको कित्ता न १२८, १४६ र १४५ को जग्गा स्वास्थ्य चौकीको नाममा दिन इच्छुक रहेकोले सोही अनुसार गाउँपालिकाको नाममा लिने निर्णय गरियो ।

५. प्रस्ताव न ०५ उपर छलफल गर्दा यस गाउँपालिकाको सार्वजनिक निजी साझेदारी विधेयक २०८० तथा सार्वजनिक निजी साझेदारी नियमावली २०८० निर्माण गरी पारित गर्ने निर्णय गरियो ।

६. प्रस्ताव न ०७ उपर छलफल गर्दा यस गाउँपालिकामा रहेर निर्माण व्यवसायी भइ कार्य गर्न इच्छुक घ वर्गको लागि इजाजत माग गर्ने एस कन्स्टक्टन एण्ड सप्लालर्यलाइ घ वर्गको इजाजत दिने निर्णय गरियो ।

७. प्रस्ताव न ०८ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र लैङ्गिक समता तथा सामाजिक समावेशीकरण अर्थात जे सी अडिट गराउने ONM सर्भेको लागि कार्य प्रकृया अगाडि बढाउने भनी निर्णय गरियो ।

८. प्रस्ताव न ०९ उपर छलफल गर्दा रुप्थ्याङखोला जलविद्युत आयोजना नवीकरणका लागि सो आयोजनाले यस गाउँपालिकामा निवेदन पेश गरे बमोजिम आयोजनाको नवीकरणका लागि आवश्यक कार्य गर्ने निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

९. प्रस्ताव न १२ उपर छलफल गर्दा बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८०।१०।०२ को पत्रानुसार आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश समपुरक तथा विशेष अनुदान प्राप्त गर्नका लागि यस गाउँपालिकाको प्रत्येक वडामा तपशील बमोजिमका योजनाका लागि समपुरक तथा विशेष अनुदान प्रदेश सरकारसँग माग गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशीलः

समपुरक अनुदानको लागि

| क स | योजनाको नाम | वडा न |
|---|---|---|
| १ | श्री ठाडि देउलाङ आधारभूत विद्यालय भवन निर्माण | १ |
| २ | जगत बाँसपानी वराङ वडा कार्यालय सडक स्तरोन्नति | २ |
| ३ | अँधेरी खोला ठुम्सीखेल सडक स्तरोन्नति | ३ |
| ४ | मल्दुम खहरे लोङठोङ सोइसाङ च्यार्सपा सडक स्तरोन्नति | ४ |
| ५ | दोर्जे छ्योलिङ गुम्बा निर्माण | ५ |
| ६ | आलम्पु सडक तथा ढुङ्गाखानी सडक स्तरोन्नति | ६ |
| ७ | विगु गुम्बादेखि देउढुङ्गासम्म धार्मिक तथा पर्यटकीय मार्ग निर्माण | ७ |
| ८ | तुम्बुन टावर डाँडा सडक स्तरोन्नति | ८ |

विशेष अनुदानको लागि

| क स | योजनाको नाम | वडा न |
|---|---|---|
| १ | स्याप्लुङ ओगेन दोङाक छोलिङ गुम्बा निर्माण | १ |
| २ | ग्याम्जो खानीडाँडा डाक्सिङ यार्सा सडक स्तरोन्नति | २ |
| ३ | फापरस्वाँरादेखि जौँस्वारासम्म कृषि सडक | ३ |
| ४ | लादुक च्याने ठकुरी गोलाइ ताइलाङ ग्याजाङ देउराली सडक | ४ |
| ५ | ढाक्रेबोट खार्ताल बुलुक्पा बुलुक्पा सडक स्तरोन्नति | ५ |
| ६ | हेल्थपोष्ट निर्माण | ६ |
| ७ | ककलिङदेखि ढिङ्साङ र विगु बसपार्क हुँदै विगु ०६ आलम्पुको सीमानासम्म सडक स्तरोन्नति | ७ |
| ८ | हिमालय मावि छात्रावास निर्माण | ८ |

नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

१०. प्रस्ताव न ११उपर छलफल गर्दा यस गाउँपालिकामा गठन गरिएका विभिन्न विषयगत समितिको बैठक तत्काल बसी आफ्नो समितिको तर्फबाट पेश गर्नुपर्ने कुराहरु आगामी गाउँसभामा प्रतिवेदनको रुपमा पेश गर्ने भनी निर्णय गरियो ।

११. प्रस्ताव न १२ उपर छलफल गर्दा यस विगु गाउँपालिको आ व २०८०/०८१ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत रहेको महिला बालबालिकासँग सम्बन्धित उद्यमशीलतासँग जोडेर गर्ने कार्यक्रम कार्यान्वयनका सन्दर्भमा प्रत्येक वडाबाट आवश्यकताको आधारमा प्रस्ताव माग गरी प्रस्तावका आधारमा कार्यक्रम कार्यान्वयन गराउँदै जाने भनी निर्णय गरियो ।

१२. प्रस्ताव न १३ उपर छलफल गर्दा युवा स्वरोजगारसँग सम्बन्धित प्रदेशबाट हस्तान्तरित बजेट अन्तर्गतको कार्यक्रम कार्यान्वयनको सन्दर्भमा बाँकी कार्यक्रम सबै वडासँग समन्वय गरी पालिकास्तरमै कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव न १४ उपर छलफल गर्दा इस्लामी सङ्घ नेपालले यस गाउँपालिकाभित्र सामाजिक विकास तथा जीविका सहयोग कार्यक्रम गर्नका लागि निवेदनसहित अनुमति माग गरेकोका सो सस्थालाइ कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव न १५ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०२ को चेन्जेन बारी लौठ सल्ला सिँचाइको लागि लौठ सल्लाको विरुवालाइ हिँउँदमा सिँचाइ गर्न गाउँपालिकाबाट ३२ mm को 600 मीटर पाइप र १००० लिटरको ट्याङ्की उपलब्ध गराउने निर्णय गरियो ।

१५. प्रस्ताव न १६ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०८ को मैरे झोलेङ्गेपुल तथा श्री हिमालय माध्यमिक विद्यालयमा छात्रावासको अति आवश्यक परेको हुनाले माग गर्ने सम्बन्धमा दिगो विकासका लागि नागरिक मञ्च, सिभिका फोरममा लेखी पठाउने निर्णय गरियो।

१६. प्रस्ताव न १७ उपर छलफल गर्दा यस गाउँपालिकाबाट सञ्चालन गरिएको आमा समूहसँग टेलिभिजन कार्यक्रमको भुक्तानी हुन बाँकी रकम यस गाउँपालिकाको आ व २०८०/०८१ को वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत रहेको **कार्यक्रम सञ्चालन खर्च** शीर्षकबाट व्यहोर्ने गरी सम्बन्धित टेलिभिजन सस्थालाइ भुक्तानी गर्ने भनी निर्णय गरियो ।

१७. प्रस्ताव न १७ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०४ मा गत आव २०७९/०८० मा झोरुङ लिङ्वा सडक स्तरोन्नति उपभोक्ता समिति गठन भएकोमा चालू आवमा पनि सोही नामको समिति गठन भएकोले बैङ्किङ कारोबार लगायत अन्य कार्य गर्नका लागि समस्या भएको हुँदा उक्त समितिको नाम परिवर्तन गरी झोरुङ सेखेप लिङ्वा सडक स्तरोन्नति उपभोक्ता समिति राख्नका लागि आवश्यक कार्य गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाबगर, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

१८. प्रस्ताव न १८ उपर छलफल गर्दा यस गाउँपमलिकाको वडा न ०८ मा रहेको श्री हिमालय मावि, खोपाचाँगुको नाममा रहेको कित्ता न ४४९, क्षेत्रफल ३२९० भएको जग्गा हुँदै हिमपर्वत हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्धित २० मेघावाटको साँगुखोला हाइड्रोपावर प्रोजेक्टको पाइपलाइन विस्तार तुरुन्तै गर्नुपर्ने भएको भनी सो प्रोजेक्टले विद्यालयसँग सो जग्गा विक्री गर्न वा भाडामा दिन राय माग गरेको तथा श्री हिमालय माध्यमिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपिसहित यस गाउँपालिकामा सो बारेमा राय माग गरेकोमा सम्बन्धित निकायमा बुझ्दा सो जग्गा निश्चित समयावधि तोकी लिजमा दिन मिल्ने जानकारी प्राप्त भएकोले यस गाउँपालिकाबाट सोही बमोजिम लेखी विद्यालयलाइ पत्राचार गर्ने निर्णय गरियो ।

१९. प्रस्ताव न १९ उपर छलफल गर्दा कृषि विकास निर्देशनालय, हेटौंडाको मिति २०८०।११।०९, चलानी न ४४० को प्राप्त पत्रानुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा प्रस्ताव पेश गर्नुपर्ने भएकोले उक्त कार्यक्रम कार्यान्वयनका लागि नियमानुसार लागत साझेदारी गर्ने प्रतिबद्धतासहित कृषि बालीका लागि विगु गाउँपालिका वडा न ०७ मा आलु कृषिबाली र पशुपक्षी उत्पादनको लागि साथै विगु गाउँपालिका वडा न ०५ मा चौरी पशुवस्तु छनोट गरिएको निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२०. प्रस्ताव न २० उपर छलफल गर्दा यस विगु गाउँपालिका र दिगो विकासका लागि नागरिक मञ्च धुलिखेलका बीच मिति २०७८।११।०९ मा भएको झोलुङ्गे पुलसम्बन्धी कार्य प्रत्यायोजन सम्झौता बमोजिम यस गाउँपालिकाबाट चालु आव २०८०।०८१ मा निर्माण सञ्चालन हुने भारती खोला झोलुङ्गे पुल विगु गाउँपालिका ०२, ओराङमा निर्माण गर्नका लागि र मैरे खोला झोलुङ्गे पुल खोपाचाँगु, कोथली खोला झोलुङ्गे पुल विगु ०५, हार्चे खोला झोलुङ्गे पुल विगु ०२, सिँगटी विगु गाउँपालिका र कालिन्चोक गाउँपालिका झोलुङ्गे पुल मर्मतको सर्भे गर्नका लागि दिगो विकासका लागि नागरिक मञ्चलाइ कायदिश दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२